भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

प.सं.: ०८२/८३

च.न १६९

मितिः- २०८२।१२।०६

**विषयः तालिममा सहभागी गराइदिने सम्बन्धमा।**

श्री स्थानीय तह (सबै)

यस केन्द्रको स्वीकृत बार्षिक कार्यक्रम अनुसार ७ कार्यदिने सहकारी व्यवसाय प्रवर्द्धन तालिम निम्न मिति, समय र स्थानमा संचालन हुन लागेको हुदाँ तहाँ अन्तर्गत रहेका सहकारी संघ/संस्थाहरुमध्ये कुनै एक सहकारी संघसंस्थाका पदाधिकारी/कर्मचारी/सदस्यहरु मध्ये एक जनालाई छनौट गरी देहायको ढाँचा (Format) मा यस केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा पठाइदिनुहुन अनुरोध छ।

**सहभागी मनोनयनको ढाँचाः**

| क्र.सं. | सहभागीको नाम थर | पद | कार्यरत संघसंस्थाको नाम र ठेगाना | सहभागीको मोवाइल नम्वर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | यस केन्द्रको छात्रावासको सुविधा उपयोग गर्ने/नगर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |

नोटः- सम्बन्धित संस्था वा स्थानीय तहबाट मनोनयन भईसकेपछि सहभागीहरुले अनिवार्य रुपमा सम्पर्क व्यक्ति वा केन्द्रसँग सम्पर्क गर्नु पर्ने छ। साथै बिना सम्पर्क तालिममा सहभागी हुन आउने प्रशिक्षार्थीलाई तालिममा सहभागी गराइने छैन। यस केन्द्रबाट पछिल्ला दुई आ.व. मा संचालित कुनै पनि तालिम लिएका व्यक्तिहरु यस तालिममा सहभागी हुन पाइने छैन। यस अघि तालिम नलिएका सहभागिहरुलाई प्राथमिकता दिइनेछ।

**(क) तालिम संचालन हुने मिति, स्थान र समय :**

(१) मिति : २०८२।१२।१५ देखि २०८२।१२।२१ गतेसम्म

(२) स्थान : सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर, काठमाडौं।

(३) समयः विहान १० बजे देखी ५ बजेसम्म

**(ख) सहभागीको सुविधा सम्वन्धी व्यवस्थाः**

(१) सहभागीहरुलाई तालिम संचालन भएको दिनको खाना वापत दैनिक रु.४०० मात्र उपलब्ध गराईनेछ।

(२) तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेल/WhatsApp मा उपलब्ध गराइनेछ।

**(ग) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात :**

(१) सहभागीको मोबाइल नं., E-mail ठेगाना समेत खुलाई सम्बन्धित निकायको मनोनयनपत्र।

(२) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

(३) सहकारी संस्थाको संक्षिप्त विवरण र सो सँग सम्बन्धित कागजात।

**(घ) सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहिता**

(१) सहभागि छनौटमा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ। मनोनयनपत्र पठाउँदा नै आवास सुविधा लिने/नलिने खुलाउनुपर्नेछ।

(२) तालिमको अवधिभर औपचारिक पोशाकमा सहभागी हुनु पर्नेछ। साथै तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।

(३) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकारप्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन।

(४) आचारसंहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

**सम्पर्क व्यक्तिः**

पुस्तकालय सहायक श्री सुनीता सेन ठकुरी (९८४८०३३२३२)

२०८२।१२।६

(राधिका गौतम)

सहकारी प्रशिक्षक